काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २५० ❐ सोमवार, ८ असार, २०८३ ❐ Monday, 22 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

असुरक्षित गर्भपतन, मातृ मृत्युदर घटाउन चुनौती



❐ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ७ असार

कर्णाली प्रदेशमा सुरक्षित गर्भपतन र मातृ मृत्युदर घटाउन चुनौतीका रुपमा रहेको पाइएको छ । आइतबार प्रदेश राजधानी सुर्खेतको वीरेन्द्रनगरमा हेल्थ लाइफ मिडियाले आयोजना गरेको सुरक्षित गर्भपतन तथा कानुन कार्यन्वयनको अवस्थाका बिषयमा अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले यस्तो बताएका हुन् ।

भौगोलिक विकटता, दक्ष जनशक्ति अभाव, सामाजिक लाञ्छना, गोपनीयताको कमी र सेवाबारे पर्याप्त जानकारी नहुँदा असुरक्षित गर्भपतनको समस्या अझै गम्भीर बन्दै गएको उनीहरुको भनाई थियो ।

प्रदेशभर सुरक्षित गर्भपतन सेवाको संरचना विस्तार भए पनि सेवाको वास्तविक पहुँच अझै चुनौतीपूर्ण रहेको स्वास्थ्य सेवा निर्देशनालयका पब्लिक हेल्थ नर्सिङ प्रशासक मनकुमारी गुरुङले बताइन् । 'कर्णाली प्रदेशमा चार सय २८ वटा बर्थिङ सेन्टर, २४ वटा प्राथमिक स्वास्थ्य केन्द्र, १३ वटा अस्पताल तथा एक सय १० वटा सुरक्षित गर्भपतन सेवा केन्द्र सूचीकृत छन्,' उनले भनिन्,'तर, दुर्गम भूगोल, यातायातको असुविधा र सेवाको असमान वितरणका कारण धेरै महिलाहरू अझै सुरक्षित सेवाबाट वञ्चित हुन बाध्य छन् ।'

मातृ मृत्युदर र मातृ रुग्णताको प्रमुख कारणमध्ये असुरक्षित गर्भपतन पनि एक भएको गुरुङले बताइन् । ' गर्भधारणमध्ये करिब ५० प्रतिशत अनिच्छित हुने गरेका छन् । त्यसमध्ये ६० प्रतिशत गर्भपतनमा परिणत हुने र तीमध्ये ४५ प्रतिशत असुरक्षित तरिकाले हुने गरेको अवस्था छ,' उनले भनिन्,'नेपालमा मातृ मृत्युदरका हिसाबले लुम्बिनी प्रदेश पहिलो र कर्णाली दोस्रो स्थानमा रहेको उल्लेख गर्दै उनले यसलाई प्रदेशको स्वास्थ्य प्रणालीका लागि गम्भीर चुनौतीका रूपमा लिनुपर्छ ।'

प्रदेशमा सुरक्षित गर्भपतन सेवा लिनेको संख्या भने बढ्दो क्रममा देखिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा पाँच हजार सात सय ६२ जनाले सेवा लिएका थिए । आर्थिक

बाँकी पृष्ठ २

होसन्ना सेवकाईलाई नियमित स्वास्थ्य शिविर सञ्चालन गरिदिन माग

❐ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ७ असार

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ अन्तर्गत झुप्राखोला र धुलियाबिटस्थित बादी समुदायका बस्तीमा सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरबाट ३५० भन्दा बढी नागरिक लाभान्वित भएका छन् । विपन्न, गरिब तथा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायलाई लक्षित गर्दै सञ्चालन गरिएको शिविरमा स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो । सामाजिक संस्था होसन्ना सेवकाई नेपालको आयोजनामा सञ्चालन गरिएको शिविर झुप्राखोला बस्तीमा जेठ ६ गते तथा धुलियाबिट बस्तीमा जेठ ७ गते सम्पन्न भएको हो ।

आयोजकका अनुसार झुप्राखोलामा आयोजित शिविरबाट करिब २०० बढी जनाले सेवा लिएका थिए भने धुलियाबिट बस्तीमा १५३ जना नागरिकले स्वास्थ्य परीक्षण तथा उपचार सेवा प्राप्त गरेका छन् । शिविरमा स्त्रीरोग, सामान्य स्वास्थ्य परीक्षण, रक्तचाप तथा आधारभूत स्वास्थ्य जाँच, स्वास्थ्य परामर्श, आवश्यक औषधि वितरण तथा स्वास्थ्य शिक्षा सम्बन्धी सेवा प्रदान गरिएको थियो । विशेषगरी महिलामा देखिने पाठेघर तथा स्त्रीरोगसम्बन्धी समस्याको पहिचान र उपचारमा शिविर केन्द्रित रहेको जनाइएको छ ।

स्थानीय बासिन्दाले स्वास्थ्य शिविरलाई अत्यन्तै उपयोगी र राहतदायी भएको बताएका छन् ।

नियमित स्वास्थ्य सेवा पहुँचमा



कठिनाइ भोगिरहेका समुदायका नागरिकले विशेषज्ञ चिकित्सकबाट प्रत्यक्ष परीक्षण तथा परामर्श पाउनु ठूलो अवसर भएको बृद्धा गोल्मा बादीले बताइन् । शिविरमा सहभागी भएका बिरामीहरूले निःशुल्क औषधिसमेत प्राप्त गरेका छन् ।

आयोजकका अनुसार अधिकांश बिरामीलाई कम्तीमा १५ दिनदेखि एक महिनासम्म पुग्ने औषधि निःशुल्क उपलब्ध गराइएको छ । संस्थाका प्रमुख कार्यकारी अधिकृत पुजा बादीका अनुसार शिविरमा मेडिकल टिम सहित १२ जनाको टोली काठ्माडौंदेखि सुर्खेत पुगेको हो । शिविरमा बालबालिकादेखि ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक कसम्मको सहभागिता रहेको उनले बताइन् ।

शिविरमा एक जना महिलाको पाठेघरको तत्काल सल्यक्रिया गर्नैपर्ने काठमाडौं थापाथली प्रसुती गृहमा कार्यरत स्त्री रोग विशेषज्ञ डा. भवानी सिल्पकारले बताइन् । उनका अनुसार शिविरमा धेरै जना कम उमेरकै महिलाहरुमा पाठेघरको समस्या देखिएको छ । अत्यावाश्यक बस्तीमै शिविर आयोजना गरेकोमा उनले संस्थालाई धन्यबाद दिइन् । शिविरमा छाला रोगदेखि दिर्घरोगीहरु र भाइरत रुघाखोकीसम्मका बिरामी आएको संस्थाका सामुदायिक स्वास्थ्य नर्स संगीता बादीले बताइन् । हाडजोर्नी रोग विशेषज्ञ डा. गणेश तिवारीका अनुसार शरिर दुखाई तथा हाडजोर्नी सम्बन्धिका बिरामीलाई परामर्श सेवा सहित उपचार गरिएको छ ।

स्वास्थ्य समस्या लुकाएर बस्न बाध्य हुने अवस्था रहेका कतिपय नागरिकले पहिलोपटक विस्तृत स्वास्थ्य परीक्षण गराएको बताएका छन् ।

यसले समुदायभित्र रहेका विभिन्न रोग तथा स्वास्थ्य समस्याको प्रारम्भिक पहिचान गर्न सहयोग पुगेको स्वास्थ्यकर्मीहरूको भनाइ छ । शिविरका क्रममा पाठेघरलगायतका जटिल समस्या भएका तथा शल्यक्रिया आवश्यक पर्ने बिरामीहरूको समेत पहिचान गरिएको छ । यस्ता

बाँकी पृष्ठ २

तीन दशकपछि बलाङ्गा चौंरी फार्म ब्युँताउने तयारी

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ७ असार

तीन दशकभन्दा बढी समयदेखि बन्द अवस्थामा रहेको डोल्पाको ऐतिहासिक बलाङ्गा चौंरी फार्म पुनः सञ्चालनमा ल्याउने विषयले नयाँ गति पाएको छ । स्थानीय तह, पशु विकाससँग सम्बन्धित सरकारी निकाय र स्थानीयवासीबीच फार्म पुनर्जीवनका लागि सहमति जुट्दै जाँदा हिमाली पशुपालन र स्थानीय अर्थतन्त्र पुनः चलायमान हुने अपेक्षा बढेको हो ।

त्रिपुरासुन्दरी नगरपालिका-११ स्थित बलाङ्गा चौंरी फार्म वि.सं. २०३६ सालमा तत्कालीन श्री ५ को सरकारले स्थापना गरेको थियो । याक तथा चौंरी पालन, घाँस उत्पादन, दुग्धजन्य वस्तु उत्पादन र स्थानीय रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेलेको उक्त फार्म वि.सं. २०४८ सम्म सञ्चालनमा थियो ।



त्यसपछि फार्ममा रहेका १५० भन्दा बढी याक तथा चौंरीसहित सम्पूर्ण सम्पत्ति लिलाम गरिएपछि फार्म बन्द भएको थियो ।

करिब ३५ वर्षदेखि निष्क्रिय रहेको फार्म पुनः सञ्चालनको बहस अहिले डोल्पामा चुलिएको छ । स्थानीयवासीको निरन्तर मागपछि राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, हरिहरभवनले डोल्पामा ' याक-चौंरी संरक्षण, प्रवर्द्धन तथा याक चिज उत्पादनको व्यवसायीकरण' विषयक नीति संवाद कार्यक्रम आयोजना गरेपछि फार्म पुनरुत्थानको विषय थप चर्चामा आएको हो ।

संवाद कार्यक्रममा त्रिपुर ासुन्दरी नगरपालिकाका प्रमुख जनचन्द्र रोकाया, उपप्रमुख देवी घर्ती, पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाका प्रमुख डा. साजन रोकाया, दुग्ध विकास संस्थान नेपालगञ्जका प्रमुख विजयसिंह कुर्मी, चौंरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रमका वरिष्ठ पशु विकास अधिकृत केशव भट्ट, पूर्व कार्यालय प्रमुख चन्द्रलाल धराला तथा स्थानीय सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रममा नगरप्रमुख रोकाया र उपप्रमुख घर्तीले बलाङ्गा चौंरी फार्म पुनः सञ्चालनका लागि स्थानीय सरकारले विगत केही वर्षदेखि प्रदेश र संघीय सरकारसँग निरन्तर पहल गर्दै आएको बताए । उनीहरुका अनुसार फार्म पुनः सञ्चालनको सम्भाव्यता अध्ययन र स्थलगत निरीक्षणसमेत सम्पन्न भइसकेको छ ।

'फार्म पुनः सञ्चालन भए बन्तडीसहित आसपासका बस्तीका युवालाई रोजगारी मिल्नेछ,' उनले भने, ' पशुपालन व्यवसाय विस्तार हुनेछ र स्थानीय अर्थतन्त्र चलायमान बन्नेछ,' नगरप्रमुख रोकायाले भने ।

दुग्ध विकास संस्थान नेपालगञ्जका प्रमुख विजयसिंह कुर्मीले याक तथा चौंरी पालनका लागि डोल्पामा पर्याप्त सम्भावना हुँदाहुँदै पनि दूध, दही र चिजजस्ता दुग्धजन्य वस्तु बाहिरबाट आयात गर्नुपर्नु विडम्बनापूर्ण अवस्था भएको बताए ।

उनका अनुसार जिल्लामा पर्याप्त

बाँकी पृष्ठ २

प्रतिपक्षीलाई रवि-बालेनको सन्देश :

नजिस्क्याऊ, सरकारको गाडी पाँच वर्ष तलमाथि हुँदैन

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ७ असार

चितवन पुगेका प्रतिपक्षी दलहरूलाई राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता एवम् प्रधानमन्त्री बालेन्द्र शाहले सरकार पाँच वर्षसम्म यताउता नहुने सन्देश दिएका छन् ।

पार्टी स्थापना भएको चार वर्षपछि चितवनमा पहिलो महाधिवेशनको उद्घाटन सत्र गरेर दुई नेताहरूले पार्टी एकताको सन्देश दिएका हुन् ।

बिहान महाधिवेशनस्थल पुगेर दुवै नेताले अवलोकन गरेका थिए । त्यसपछि होटल फर्केर करिब दुईदेखि चार घण्टासम्म दुई नेता सँगै बसेका थिए ।



दुई नेताबीच करिब ३-४ घण्टा सरकार र महाधिवेशनका विषयमा छलफल भएको पुष्टि उनीहरूको सचिवालयले गरेको छ । होटलबाट रवि र बालेन प्रधानमन्त्रीका लागि लगिएको एउटै गाडीमा फर्किए ।

महाधिवेशन स्थलमा दुई नेताहरू सँगै उपस्थित हुँदा उत्साह देखिएको थियो । दुई नेताले महाधिवेशन स्थलमा आएर प्रतिपक्षी नेताहरूलाई पनि स्वागत गरे ।

विगतमा गगन थापासँग सम्बन्ध बिग्रिएको भनिएका पार्टी सभापति रविले उनलाई अङ्कमाल गरे । सबै प्रतिपक्षीसँग हात मिलाएका दुई नेताहरू सँगै बसेर मञ्चमै भलाकुसारीसमेत गरे ।

विपक्षी दलहरूले दुई नेताको

बाँकी पृष्ठ ४

सम्पादकीय

नागरिकको विश्वासमाथि प्रश्न ?

कर्णाली प्रदेश सरकारले २०७६ सालमा सुरू गरेको 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको' कार्यक्रमलाई त्यतिबेला सामाजिक रूपान्तरणको महत्वाकांक्षी अभियानका रूपमा प्रस्तुत गरिएको थियो । छोरी जन्मिनुलाई सकारात्मक रूपमा स्थापित गर्ने, बालविवाह न्यूनीकरण गर्ने, लैङ्गिक विभेद अन्त्य गर्ने र उच्च शिक्षाका लागि आर्थिक आधार तयार गर्ने उद्देश्यले ल्याइएको यो कार्यक्रमले सुरूवातमै व्यापक चर्चा पाएको थियो । तर आज सात वर्ष नपुग्दै कार्यक्रम नीति तथा कार्यक्रमबाटै गायब भएको छ । नवजात छोरीको नाममा बैंक खाता खोल्ने, पहिलो महिनामा एक हजार रूपैयाँ र त्यसपछि प्रत्येक महिना पाँच सय रूपैयाँ जम्मा गर्ने व्यवस्था गरिएको थियो । सरकारी हिसाबअनुसार २० वर्ष पुग्दा एउटी छोरीको खातामा एक लाख २० हजार पाँच सय रूपैयाँ पुग्ने परिकल्पना गरिएको थियो । तर कार्यक्रमको दीर्घकालीन आर्थिक दायित्व, स्रोत सुनिश्चितता र वित्तीय स्थायित्वबारे पर्याप्त अध्ययन नगरी हतारमा सुरू गरिया । परिणामतः केही वर्षमै सरकार आफैंले यसको भार धान्न नसक्ने अवस्था आयो ।

यही कमजोरीले आज हजारौं अभिभावकलाई अन्योलमा राखेको छ । स्थानीय तहहरूले अझै पनि नवजात छोरीका नाममा बैंक खाता खोल्न सिफारिस गरिरहेका छन् । अभिभावकहरू राज्यले रकम जम्मा गरिरहेको विश्वासमा बैंक पुगिरहेका छन् । तर वास्तविकता फरक छ । प्रदेश सरकारले चार वर्षदेखि रकम पठाएको छैन । सबैभन्दा चिन्ताजनक विषय भनेको छोरीहरूको नाममा जम्मा भएको करोडौं रूपैयाँको अवस्था हो । तीन वर्षसम्म सरकारले स्थानीय तहमार्फत बैंक खातामा रकम जम्मा गऱ्यो । त्यसपछि कार्यक्रम रोकियो । तर खातामा रहेको रकमको व्यवस्थापन कसरी गर्ने भन्ने स्पष्ट नीति बनाइएन । न त सरकारले रकम फिर्ता ल्याउन पहल गऱ्यो, न छोरीहरूले त्यो रकम उपयोग गर्न पाएका छन् । फलतः करोडौं रूपैयाँ बैंकिङ प्रणालीभित्र निष्क्रिय अवस्थामा रहेको छ । यो केवल प्रशासनिक कमजोरी मात्र होइन, सार्वजनिक उत्तरदायित्वसँग जोडिएको प्रश्न पनि हो । राज्यले नागरिकसँग गरेको प्रतिबद्धताको सम्मान हुनुपर्छ। कार्यक्रम सफल होस् वा असफल, त्यसअन्तर्गत जम्मा भएको रकमको स्पष्ट हिसाब, स्वामित्व र भविष्यबारे सरकार मौन बस्न मिल्दैन । अझ विडम्बना त के छ भने कार्यक्रमलाई रूपान्तरण गर्ने नाममा वर्षौंसम्म छलफल र अध्ययन गरियो, लाखौं रूपैयाँ खर्च गरियो, तर कुनै ठोस निष्कर्ष निकाल्न सकिएन ।

सरकारले अब तत्काल तीन काम गर्नुपर्छ । पहिलो, छोरीहरूको नाममा बैंकमा जम्मा भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्नुपर्छ । दोस्रो, लाभग्राही परिवारलाई कार्यक्रमको वर्तमान अवस्था स्पष्ट रूपमा जानकारी दिनुपर्छ । तेस्रो, खातामा रहेको रकम छोरीहरूले कुन उमेरमा, कुन प्रक्रियाबाट र कुन सर्तमा उपयोग गर्न पाउने भन्ने कानुनी तथा नीतिगत व्यवस्था तत्काल गर्नुपर्छ । कर्णाली सरकारले कार्यक्रम हटाएर विषय समाप्त भएको ठान्न मिल्दैन । बरू अहिलेको मुख्य जिम्मेवारी बैंकमा थन्किएको करोडौं रूपैयाँको भविष्य सुनिश्चित गर्नु हो। त्यो रकम छोरीहरूको अधिकार हो, सरकारको अनिर्णयको बन्दी होइन । यदि राज्यले आफ्नै प्रतिबद्धताको जवाफ दिन सकेन भने यसले केवल एउटा कार्यक्रमको असफलता मात्र होइन, नागरिकको विश्वासमाथि पनि गम्भीर प्रश्न उठाउनेछ । आज प्रश्न कार्यक्रम किन बन्द भयो भन्ने होइन । वास्तविक प्रश्न छ, छोरीहरूको नाममा जम्मा भएको करोडौं रूपैयाँको जिम्मेवारी कसले लिने, र ती छोरीहरूले आफ्नो अधिकार कहिले प्राप्त गर्ने ?

रास्वपा टाल्ने 'सुपर–ग्लु' नबनोस् चितवन महाधिवेशन



✍ सुरेश भट्ट आश्रिन

नेपालका राजनीतिक दलहरूमा 'पार्टी महाधिवेशन'लाई आन्तरिक एकता सुदृढ गर्ने, वैचारिक बहस गर्ने र टुटफुटबाट जोगाएर नयाँ ऊर्जाका साथ अघि बढ्ने महत्त्वपूर्ण अवसरका रूपमा लिइन्छ । यद्यपि, राष्ट्रिय स्वतन्त्र पार्टीको आसन्न महाधिवेशन नजिकिँदै गर्दा, स्थानीय तहदेखि जिल्ला हुँदै प्रदेशस्तरीय अधिवेशनसम्म आइपुगेर अहिले केन्द्रीय अधिवेशनको सँघारमा आइपुग्दा, रास्वपाभित्र आन्तरिक शक्तिकेन्द्रका रूपमा देखा परेका संस्थापन र संस्थापनइतर दुई खेमाबीचको टकरावको सङ्कटमोचनका रूपमा महाधिवेशनलाई लिइएको देखिन्छ ।

आइतबारदेखि चितवनमा सुरु हुने प्रथम महाधिवेशनको तीव्र तयारी चलिरहँदा, आन्तरिक रूपमा भने रास्वपाभित्र प्रदेशस्तरमा देखा परेका शक्तिकेन्द्रबीचको मतभेदलाई लिएर पदाधिकारी लेभलमा मेलमिलापको नीतिअन्तर्गत एकताको महाधिवेशनअनुसार काम गर्न लागिपरेको बुझिन्छ ।

जेनजी आन्दोलनको भग्नावशेषबाट भर्खरै बामे सर्दै गरेको रास्वपा नेतृत्वको सरकारको काँधमा धेरै जिम्मेवारीहरू आइपुगेका छन् । जेनजी पुस्ताले भोगेका सामाजिक, आर्थिक, प्राविधिक र वातावरणीय दुष्प्रभाव आदिको संयुक्त मिश्रणयुक्त दुश्चापभन्दा अघिल्लो पुस्ताले असुरक्षा, बेरोजगारी र राजनीतिक अस्थिरता बढी नै देख्न, भोग्न र बेहोर्नुपऱ्यो ।

सामान्य जीविकोपार्जनका लागि जोखिमयुक्त विदेश यात्रा र इच्छाविपरीतको काम अँगाल्न बाध्य भए । स्तरीय शिक्षा र स्वास्थ्य प्राप्तिमा उनीहरूले घनघोर असमानता बेहोर्नुपऱ्यो । यद्यपि, बदलिँदो समयसँगै यो पुस्ता डिजिटल प्रविधिसँग जोडियो । अर्थात्, बजार अर्थतन्त्रले तिनीहरूका हातमा मोबाइल र सूचना प्राप्तिका लागि सामाजिक सञ्जाल थमाइदियो । एकअर्कासँग जोडिएर राजनीतिक असन्तुष्टिहरू पोख्ने माध्यम त पाए उनीहरूले, तर त्यससँगसँगै उनीहरूलाई अघिल्लो पुस्ताका 'राजनीतिक प्रदूषण' भन्दै केही अनुहार पनि चिनाइयो ।

नेपाललाई मूलतः आत्मनिर्भर आर्थिक लोकतन्त्रको खाँचो छ । आर्थिक लोकतन्त्र खुम्चिँदै गइरहने र छिमेकी वा दातृ राष्ट्रसँग लिइने ऋण वा अनुदान मात्रले हामीलाई कहीं पुऱ्याउँदैन ।

आजको पुस्ता नयाँ डिजिटल पुस्ता हो । सूचनाको दुनियाँमा डिजिटल्ली जति अपडेट हुन सकिन्छ, त्यति नै दुष्प्रचारयुक्त सूचनाबाट सङ्क्रमित हुन सजिलो छ । तथापि, अहिले हुर्किरहेको पुस्ता आफू र आफूभन्दा पुरानो पुस्ताको योग्यता, क्षमता, पदप्रतिको आसक्ति, लोभ, राज्य दोहन र भ्रुटो विवरण पेस गर्ने प्रवृत्ति राम्रोसँग जाँच्न-बुझ्न सक्षम छ । उनीहरू नयाँ पिँढीको नेतृत्वको पनि जाँचबुझ गरिरहेकै छन् ।

त्यसैले त मिथ्याङ्क प्रस्तुत गरेर सामान्य मान्छेलाई मूर्ख बनाउने प्रवृत्तिविरुद्ध यो पुस्ता सदनदेखि सडकसम्म एकै स्वरूपमा आवाज उराल्न तम्तयार हुन्छ । यसैकारण रास्वपाले पार्टीको चारवर्षे यात्राको उपलब्धि मात्रै नसम्झोस् यो महाधिवेशनलाई, जनअपेक्षालाई केन्द्रमा राखेर आफ्ना कमीकमजोरीहरू पनि केलाओस् ।

नेपाललाई मूलतः आत्मनिर्भर आर्थिक लोकतन्त्रको खाँचो छ । आर्थिक लोकतन्त्र खुम्चिँदै गइरहने र छिमेकी वा दातृ राष्ट्रसँग लिइने ऋण वा अनुदान मात्रले हामीलाई कहीं पुऱ्याउँदैन । यो हिजोकै मगन्ते अर्थनीतिको सोचबाट माथि उठेर विदेशी लगानी भित्र्याउने र आफ्नै स्रोत-संसाधनबाट देशको अर्थतन्त्र उकास्ने बाटोमा जानुपर्छ ।

हाम्रा प्राथमिक विद्यालयदेखि विश्वविद्यालयहरू एक प्रकारले स्तरहीन खण्डहरमा रूपान्तरित हुँदै छन् । पठन संस्कृति समाप्त हुने दिशामा छ । स्वास्थ्यलयहरू व्यापारिक प्रयोजनमा छन् र सामान्य मानिसको पहुँचबाहिर हुँदै छन् । सडक, सिँचाइ, बिजुली, खानेपानी, सञ्चार र यातायातजस्ता पूर्वाधारहरू अपर्याप्त वा स्तरहीन छन् । पूर्वाधार विकास वातावरणमैत्री नभएको र ग्रामीण विकासमा पर्याप्त योजना नपुगेकै कारण सिङ्गो पहाडी क्षेत्रबाट तीव्र बसाइँसराइ भइरहेको छ । छिमेकको पुँजीवादी बजारले हाम्रो कृषिलाई धराशायी तुल्याइदिएको छ । हामी उत्पादनमा भन्दा ज्यादा आयात गर्ने देशमा रूपान्तरित भइरहेका छौं ।

देशको समग्र विकासका लागि वैदेशिक लगानी अपरिहार्य नै छ । आन्तरिक पुँजी परिचालन गरी स्वदेशी सिपको जगेर्ना, प्रयोग र संरक्षण राज्यको पनि दायित्व हो । वैदेशिक लगानी मूलतः आन्तरिक पुँजी र प्रविधिले सम्भव नहुने उच्च प्रविधियुक्त ठूला परियोजना र 'मेगा-इन्डस्ट्री'मा उपयुक्त हुन्छ । सरकारले विदेशी लगानीकर्तालाई लक्ष्य गर्दै लगानी भित्र्याउन अन्तर्राष्ट्रिय सम्मेलन गर्दै नेपालमा वैदेशिक लगानीको अवसरका क्षेत्रहरू उजागर गर्नु तत्काल आवश्यक छ ।

एक दशकअघिसम्म आवाद रहेको जमिन अहिले बाँझो हुन पुगेको छ । औद्योगिकीकरणको भ्रूण हत्या हुन पुग्यो । औद्योगिकीकरणको अभावका साथसाथै कृषिको आधुनिकीकरण तथा वितरणको अभावमा नेपाली निम्न मध्यमवर्गीय परिवारका सदस्य अर्थात् कुल कामदार शक्तिको एकतिहाइ जनसङ्ख्या वैदेशिक रोजगारमा जान बाध्य छ । धनी र गरिबहरूबीच असमानता इतिहासकै सबैभन्दा उच्च छ। अधिवेशनले यस्ता संवेदनशील कुरामा ध्यान पुऱ्याओस् ।

देश 'स्वर्णिम मन्त्रिमण्डल' र 'स्वर्णिम अर्थनीति'सम्म आइपुग्दा पनि उपभोगमुखी अर्थतन्त्रमै निर्भर छ । नेपाली कामदारले विदेशबाट पठाएको रेमिटेन्समा कुल बजेटको एकतिहाइभन्दा धेरै निर्भर रहेको देखियो । उद्यम गर्ने संस्कृति हराउँदै जाँदा उत्पादन नराम्ररी घटेको छ । देशको अर्थतन्त्र भन्सार, राजस्व र रेमिट्यान्सवरिपरि सीमित छ ।

समग्र अर्थतन्त्रलाई उत्पादनमूलक र गतिशील बनाउन सार्वजनिक र निजी लगानी बढाउनुपर्ने हुन्छ । तर, देशमा उदार अर्थनीतिको सट्टा नवउदारवादी अर्थनीतिले निजी क्षेत्रका लगानीकर्ता र पुँजीपतिलाई मात्रै विकास र पूर्वाधारका मेरुदण्डका रूपमा हेरेको तितो यथार्थ हाम्रासामु छ ।

जेनजी आन्दोलनपछि देश अहिले साँघुरा आर्थिक गतिविधिबाट जुधिरहेको छ । हाम्रा अधिकांश व्यावसायिक क्षेत्रलाई पुरानो अवस्थामा फर्किन कम्तीमा एक वर्ष त लाग्छ नै । पर्यटन क्षेत्र त्योभन्दा अझै बढी समय प्रभावित भइराख्ला । खाद्यान्न, दूरसञ्चार र सूचना प्रविधि क्षेत्रले अरूभन्दा छिटो पुनरुत्थान गर्न सक्छन् । तर अधिकांश क्षेत्र हेर्दा बजारलाई पुरानै अवस्थामा फर्किन केही समय लाग्ने देखिन्छ ।

मेरो भनाइको तात्पर्य के हो भने, अर्थतन्त्रमा योगदान पुऱ्याउने यस्ता सबैखाले उद्योग व्यवसायहरूलाई सहयोग गर्ने सरकारी नीति भएको भए नेपाली अर्थतन्त्र छिट्टै चलायमान हुन सक्थ्यो । यस्तोमा जनतामैत्री मौद्रिक नीतिले भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

बजारमा लगानी गर्ने वातावरण सिर्जना गर्न तथा आफ्नो सेवा र वस्तु बेच्नका लागि सरकारले नै व्यवस्था बनाइदिनुपर्छ । तर, बजारको अवस्थाबारे अझै ढुक्क हुने वातावरण बन्न सकेको छैन । किनभने राजनीति पूर्ण रूपमा आफ्नो खुट्टामा उभिन सकेको छैन ।

होसन्ना...

बिरामीलाई उपयुक्त अस्पतालमा रेफर गरी आवश्यक शल्यक्रिया तथा थप उपचारका लागि सहयोग गरिने आयोजक संस्थाले जनाएको छ ।

स्थानीयवासीहरूले यस्ता स्वास्थ्य शिविर एकपटक मात्र नभई नियमित रूपमा सञ्चालन गर्नुपर्ने माग गरेका छन् । आर्थिक अभावका कारण अस्पतालसम्म पुग्न नसक्ने र सामान्य स्वास्थ्य परीक्षणसमेत गर्न कठिनाइ भोग्ने समुदायका लागि यस्ता कार्यक्रम प्रभावकारी भएको उनीहरूको भनाइ छ ।

स्वास्थ्य सेवाको पहुँच अझै कमजोर रहेको बादी समुदायमा सञ्चालन गरिएको यस शिविरले उपचार मात्र नभई स्वास्थ्य सचेतना अभिवृद्धि गर्न पनि महत्वपूर्ण योगदान पुऱ्याएको सरोकारवालाहरूले बताएका छन् । ग्रामीण तथा सीमान्तकृत समुदायमा यस्ता अभियानलाई निरन्तरता दिन सके स्वास्थ्य असमानता न्यूनीकरणमा उल्लेखनीय टेवा पुग्ने अपेक्षा गरिएको छ ।

असुरक्षित...

वर्ष २०८१/०८२ मा एक हजार नौ सय आठ जनाले सेवा लिएका छन् भने चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म चार हजार तीन सय ८५ जनाले सेवा लिइसकेका गुरुङले जानकी दिइन् । उनका अनुसार सेवा लिनेहरूमध्ये २० प्रतिशत २० वर्षमुनिका किशोरी रहेको तथ्यांकले किशोरवयमै प्रजनन स्वास्थ्यसम्बन्धी चुनौती बढिरहेको देखाएको छ ।

सुरक्षित गर्भपतन सेवा महिलाको मौलिक अधिकार भए पनि व्यवहारमा अझै यसलाई अपराधका रूपमा हेर्ने सामाजिक प्रवृत्ति कायम रहेको अधिवक्ता गीता कोइरालाले बताइन् । उनले गर्भपतन गर्न बाध्य पार्ने व्यक्ति कानुनी कारबाहीबाट उम्किने तर बाध्यतामा परेका महिलाहरू नै सामाजिक र कानुनी दबाबको सिकार बन्ने अवस्था अन्त्य हुनुपर्नेमा जोड दिइन् ।

असुरक्षित गर्भपतन र उपचारका लागि अस्पतालमा ढिलो आउने प्रवृत्तिले मातृ मृत्युदर घटाउन कठिनाइ भइरहेको प्रदेश अस्पताल सुर्खेतका स्त्रीरोग विशेषज्ञ डा. ललितजंग शाहीले बताए ।

'धेरै महिलाहरू चिकित्सकको परामर्शबिना मेडिकलबाट औषधि खरिद गरेर सेवन गर्ने र जटिल अवस्था सिर्जना भएपछि मात्रै अस्पताल पुग्ने गरेका छन्,' उनले भने,'जनचेतनाको कमी, स्वास्थ्य सेवाप्रतिको डर र गलत सूचना पनि समस्या बढ्नुका कारण रहेको छ ।'

असल नियतका साथ कानुनअनुसार गरिएको कामलाई न्यायालयले अपराधका रूपमा नहेर्ने उच्च अदालत सुर्खेतका मुख्य न्यायाधीश मातृकाप्रसाद भण्डारीले बताए

तीन...

चरन क्षेत्र, खर्क तथा प्राकृतिक घाँसे मैदान उपलब्ध भएकाले व्यावसायिक रूपमा याक तथा चौंरी पालन विस्तार गर्न सकिन्छ । 'डोल्पामा उत्पादन हुने चिज र अन्य दुग्धजन्य वस्तुको बजार सुनिश्चित छ,' उनले भने, 'उत्पादन बढे दुग्ध विकास संस्थानले बजारीकरणमा सहकार्य गर्न तयार छ ।'पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाका प्रमुख डा. साजन रोकाया तथा पूर्व प्रमुख चन्द्रलाल धरालाले डोल्पाको हिमाली भूगोल याक तथा चौंरी पालनका लागि अत्यन्त उपयुक्त रहेको बताए । पछिल्ला वर्षहरूमा किसानहरू पुनः चौंरी पालनतर्फ आकर्षित हुन थालेको, सडक पहुँच विस्तार भएको र पर्यटन गतिविधि बढ्दै गएकाले उत्पादित वस्तुको बजारसमेत फराकिलो बन्दै गएको उनीहरूको भनाइ छ ।

उनीहरुका अनुसार डोल्पोबुद्ध, शे-फोक्सुण्डो र जगदुल्ला क्षेत्रमा हाल करिब तीन हजार चौंरी रहेका छन् । विगतमा बलाङ्ग्रा फार्मले विभिन्न प्रजातिका घाँस उत्पादन गरी खुमलटारसम्म निर्यात गर्ने गरेको इतिहाससमेत रहेको छ ।

चौंरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रमका वरिष्ठ पशु विकास अधिकृत केशव भट्टले आगामी आर्थिक वर्षभित्रै फार्म पुनः सञ्चालनको प्रक्रिया अघि बढाउने लक्ष्य रहेको जानकारी दिए ।

उनले पशुपालनको कुल लागतको करिब ७० प्रतिशत हिस्सा आहारामा खर्च हुने भए पनि डोल्पामा पर्याप्त प्राकृतिक चरन क्षेत्र भएकाले उत्पादन लागत न्यून रहने बताए । 'गोठालो व्यवस्थापन प्रभावकारी बनाउन सके डोल्पामा चौंरी पालन अत्यन्त लाभदायक व्यवसाय बन्न सक्छ,' उनले भने, 'फार्म पुनर्जीवनसँगै चिज, घ्यू तथा अन्य दुग्धजन्य उत्पादन उद्योग स्थापना गर्न सकिन्छ । याक-चौंरीजन्य परम्परागत उत्पादनको अन्तर्राष्ट्रिय बजारसमेत विस्तार भइरहेको छ ।'

कार्यक्रममा सहभागी स्थानीयवासी तथा महिलाहरूले बलाङ्ग्रा चौंरी फार्मले विगतमा गाउँको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेलेको स्मरण गरे । उनीहरूले फार्म बन्द भएपछि रोजगारीका अवसर घटेको, पशुपालन व्यवसाय कमजोर बनेको र गाउँको आर्थिक गतिविधि खस्किएको बताए ।

स्थानीयवासीका अनुसार फार्म पुनः सञ्चालन भएमा नयाँ पुस्तालाई गाउँमै स्वरोजगार बनाउन, परम्परागत पशुपालन संरक्षण गर्न र हिमाली क्षेत्रमा बढ्दो बसाइँसराइँ रोक्न समेत सहयोग पुग्नेछ । लामो समयदेखि ओझेलमा परेको बलाङ्ग्रा चौंरी फार्म पुनर्जीवनको तयारीले डोल्पामा नयाँ आशा जगाएको छ ।

सरकारी प्रतिबद्धता कार्यान्वयनमा रूपान्तरण हुन सके यो फार्म केवल एउटा पुरानो संरचनाको पुनःस्थापना मात्र नभई डोल्पाको हिमाली अर्थतन्त्र, पशुपालन संस्कृति र ग्रामीण जीविकोपार्जन पुनर्जीवनको आधार बन्न सक्ने अपेक्षा गरिएको छ ।

नारायण र दुनै स्मार्ट सिटी बन्ने



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ७ असार

कर्णाली प्रदेश सरकारले वीरेन्द्रनगर, नारायण र दुनैलाई आधुनिक तथा सुविधा सम्पन्न 'स्मार्ट सिटी'का रूपमा विकास गर्ने घोषणा गरेको छ।

आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत प्रदेश सरकारले उक्त योजनाका लागि ३७ करोड रुपैयाँ विनियोजन गरेको हो।

आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बजेट प्रस्तुत गर्दै आधुनिक सूचना प्रविधिमा आधारित सेवा, हरियाली क्षेत्र, पार्क, वातावरणमैत्री पूर्वाधार तथा प्रदूषणरहित सहरी संरचना निर्माण गर्ने लक्ष्यसहित योजना अघि सारिएको जानकारी दिए।

प्रदेश सरकारका अनुसार स्मार्ट सिटीमा चौबीसै घण्टा खानेपानी, भरपर्दो विद्युत् सेवा, व्यवस्थित ढल निकास, सार्वजनिक यातायात, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री खुला हरियाली क्षेत्रलगायतका सुविधा विकास गरिनेछ।

आगामी आर्थिक वर्षदेखि योजना कार्यान्वयनमा लैजाने तयारी गरिएको छ। तर यसअघि घोषणा गरिएका यस्तै महत्वाकांक्षी परियोजनाहरू अपेक्षित रूपमा अघि बढ्न नसकेका कारण नयाँ योजनाको कार्यान्वयन क्षमतामाथि प्रश्न उठ्न थालेको छ। न्यून बजेट, कमजोर समन्वय तथा कार्यान्वयन पक्षको कमजोरीका कारण विगतका धेरै योजना अधुरै रहेका छन्।

सङ्घीय सरकारले देशभर सञ्चालन गरेका धेरै नयाँ सहर आयोजना अपेक्षित गति लिन सकेका छैनन्। व्यवस्थित बस्ती विकास र बढ्दो बसाइँसराइ नियन्त्रण गर्ने उद्देश्यले सुरु गरिएका ती परियोजनाहरू पर्याप्त बजेट अभावका कारण प्रभावित बनेका छन्।

दैलेखको दुल्लुमा आर्थिक वर्ष २०७४/७५ देखि सुरु गरिएको नयाँ सहर (स्मार्ट सिटी) परियोजना पनि प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन।

एक लाख जनसङ्ख्यालाई लक्षित गर्दै आवश्यक पूर्वाधारसहित योजनाबद्ध सहरीकरण गर्ने लक्ष्य राखिए पनि पछिल्ला वर्षहरूमा बजेट कटौती हुँदा बसपार्क, ढल निकास, कभर्ड हल तथा जग्गा एकीकरणजस्ता योजना प्रभावित बनेका छन्।

पूर्वी सुर्खेतका भेरीगङ्गा, गुर्भाकोट र लेकबेँशी नगरपालिकालाई समेटेर भेरी नदी किनारमा आधुनिक सहर निर्माण गर्ने योजना पनि अझै स्पष्ट रूपमा अघि बढ्न सकेको छैन।

२०७३ सालदेखि सुरु गरिएको उक्त परियोजना अन्तर्गत गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने काम भए पनि निर्माण कार्यले गति लिन सकेको छैन।

यातायात पहुँच, खानेपानी स्रोत, भूमि उपलब्धता तथा आर्थिक सम्भावनालाई आधार बनाएर नयाँ सहर विकास गर्ने अवधारणा ल्याइए पनि पछिल्ला वर्षहरूमा बजेट अभावले योजना प्रभावित बनेको छ।

पछिल्ला तीन आर्थिक वर्षमा वार्षिक ५० लाख रुपैयाँका दरले बजेट खर्च गरिए पनि चालु वर्षमा कार्यक्रम नै कटौती गरिएको छ। यसले कर्णालीमा घोषणा गरिएका स्मार्ट सिटी योजनाहरूको दीर्घकालीन सफलतामाथि थप प्रश्न उठाएको छ।

खानेपानी वितरणमा विभेद, सर्वसाधारणको गुनासो

❐ काँक्रेविहार संवाददाता
कालीकोट, ७ असार

सदरमुकाम मान्ममा खानेपानी वितरणमा असमानता भएको भन्दै स्थानीयवासीले गुनासो गरेका छन्।

पहुँच भएका व्यक्ति तथा केही सरकारी कार्यालयमा नियमित रूपमा पानी आपूर्ति भइरहेको बेला सर्वसाधारण भने खानेपानीको अभाव झेल्न बाध्य भएको स्थानीयको आरोप छ।

मान्म बजारको पश्चिम क्षेत्र तथा कारागार आसपासका बस्तीमा खानेपानी आपूर्तिका लागि प्रयोग हुने मुख्य वितरण प्रणालीबाट पर्याप्त पानी नपुग्दा दैनिक जीवन प्रभावित भएको स्थानीयवासी बताउँछन्। उनीहरूका अनुसार पानी वितरणमा पारदर्शिता नहुँदा पहुँचविहीन उपभोक्ता बढी मारमा परेका छन्।

केही महिनाअघि सबै उपभोक्तालाई समान रूपमा पानी उपलब्ध गराउने उद्देश्यले मिटर जडान गरिएको थियो।



सुरुवाती चरणमा पानी वितरणमा केही सुधार देखिए पनि पछिल्लो समय पुनः असमानता बढेको स्थानीयको भनाइ छ।

स्थानीय उपभोक्ता रत्नबहादुर कार्कीका अनुसार खानेपानी वितरण प्रणालीमा प्रभावशाली व्यक्तिहरूले बढी सुविधा पाइरहेका छन्।

"कतिपय स्थानमा मुख्य लाइनबाटै ठूला पाइप जडान गरिएका छन् भने सामान्य उपभोक्ताले पर्याप्त पानी पाउन सकेका छैनन् उनले भने ।

स्थानीय निर्मला पाण्डेले आफ्नो धारामा लामो समयदेखि पानी नआएको गुनासो गरे। उनका अनुसार केही घरमा नियमित रूपमा पानी आपूर्ति भइरहँदा अन्य परिवार भने पानीको जोहो गर्न कठिनाइ भोगिरहेका छन्।

स्थानीयवासीले खानेपानी वितरण प्रणालीलाई व्यवस्थित, पारदर्शी र समान पहुँचमा आधारित बनाउन माग गरेका छन्। उनीहरूका अनुसार वितरण संरचनाको प्राविधिक परीक्षण गरी सबै उपभोक्तालाई समान रूपमा सेवा उपलब्ध गराउन आवश्यक छ।

स्थानीय गौरी आचार्य शाहीले सम्बन्धित निकायमा पटक-पटक गुनासो गरे पनि अपेक्षित सुनुवाइ नभएको बताए। यस विषयमा वडा नं. एक का वडाध्यक्ष धर्मराज टमटाले भने आफूलाई औपचारिक रूपमा कुनै गुनासो प्राप्त नभएको प्रतिक्रिया दिए।

खानेपानी जस्तो आधारभूत आवश्यकतामा सबै नागरिकको समान अधिकार सुनिश्चित गर्न वितरण प्रणालीलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउनुपर्ने आवश्यकता स्थानीयवासीले औँल्याएका छन्।

चौथो पालिका स्तरीय पढाइ मेला कार्यक्रम



❐ काँक्रेविहार संवाददाता
सल्यान, ७ असार

शारदा नगरपालिकाको आयोजना तथा रुम टु रिड र दलित विकास समाजको प्राविधिक सहयोगमा चौथो पालिका स्तरीय पढाइ मेला सम्पन्न भएको छ।

नगरपालिका एक स्थित शिवजन माध्यमिक विद्यालय, शीतलपाटीमा आयोजित मेलामा नगरभित्रका ३९ वटा विद्यालयको सहभागिता रहेको थियो।

बालबालिकामा पठन संस्कृतिको विकास, सिकाइ अनुभव आदानप्रदान तथा शैक्षिक सामग्रीको प्रभावकारी प्रयोग प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गरिएको नगरपालिकाले जनाएको छ। मेलाको उद्घाटन कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले गर्नुभएको थियो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले शिक्षाप्रतिको चेतना अभिवृद्धि र बालबालिकाको उज्ज्वल भविष्य निर्माणका लागि यस्ता कार्यक्रम प्रभावकारी हुने बताए। साथै, अन्य स्थानीय तहहरूले पनि यस्ता अभ्यासलाई निरन्तरता दिनुपर्नेमा उनले जोड दिए। कार्यक्रममा कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले गुणस्तरीय शिक्षाको आधार बलियो पठन संस्कृतिमा निर्भर रहने उल्लेख गर्दै विद्यालयमा पढ्ने बानीको विकास, सिर्जनात्मक सिकाइ र प्रविधिमैत्री शिक्षण प्रणालीलाई प्राथमिकता दिन आवश्यक रहेको बताए।

शारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारीले पढाइ मेलाले विद्यार्थीमा सिर्जनशीलता विकास, पठन सीप अभिवृद्धि तथा अन्तरविद्यालय सिकाइ आदानप्रदानलाई थप सुदृढ बनाएको बताए।

उनले सानो लगानीबाट सुरु गरिएको अभियान अहिले कर्णाली प्रदेशकै नमूना अभ्यासका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै विद्यार्थीमा पढ्ने बानीको विकास र असल अभ्यासको आदानप्रदानमा मेला प्रभावकारी बनेको धारणा व्यक्त गरे।

नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख लिलाधर बबालका अनुसार शारदा नगरपालिकाले पुस्तकालय स्थापना, शिक्षक तालिम, बालमैत्री कक्षाकोठा व्यवस्थापन तथा शैक्षिक सामग्री निर्माणलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको छ।

मेलामा विद्यालयहरूले तयार पारेका शैक्षिक सामग्री, स्थानीय इतिहास तथा संस्कृतिसम्बन्धी प्रस्तुति, पठन सीप अभिवृद्धिका सामग्री तथा विद्यार्थीका सिर्जनात्मक गतिविधिहरू प्रदर्शनीमा राखिएका थिए। साथै, पठन सीप मापन, चित्रकला, चित्रकथा लेखन, कथा वाचन, लोकगीत, भिडियो सामग्री निर्माण, सांस्कृतिक प्रस्तुति तथा करियर परामर्शलगायतका विविध कार्यक्रम सञ्चालन गरिएको थियो।

सहभागीहरूले पढाइ मेलाले विद्यार्थी, शिक्षक तथा अभिभावकबीच सिकाइ अनुभव आदानप्रदान गर्ने अवसर प्रदान गर्नुका साथै विद्यालयमा पठन संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको बताएका छन्।

प्रदेशस्तरीय सांस्कृतिक सङ्गोष्ठी



❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, ७ असार

नेपाल संस्कृत विश्वविद्यालय सांस्कृतिक अध्ययन केन्द्रको आयोजना तथा हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान, कोहलपुरको सहकार्यमा लुम्बिनी प्रदेशस्तरीय सांस्कृतिक सङ्गोष्ठी कोहलपुरमा सम्पन्न भएको छ।

सङ्गोष्ठीको उद्घाटन गर्दै नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा. सुदनकुमार पौडेलले नेपाली संस्कृति राष्ट्रको अमूल्य सम्पत्ति भएकाले यसको संरक्षण र प्रवर्द्धनका लागि यस्ता कार्यक्रम आवश्यक रहेको बताए। उनले आधुनिक प्रविधिको प्रयोगमार्फत प्राचीन संस्कृति र परम्पराको संरक्षण गर्न सकिने धारणा व्यक्त गरे।

कार्यक्रममा थारू, कुसुन्डा, अवधि र मुस्लिम संस्कृतिसम्बन्धी चारवटा कार्यपत्र प्रस्तुत गरिएको थियो। महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक डा. राजकुमार थारूले थारू समुदायका धार्मिक तथा सांस्कृतिक अनुष्ठानमा प्रकृति र पर्यावरणीय चेतनाको विषयमा कार्यपत्र प्रस्तुत गरे। त्यस्तै, अध्येता उदयराज आलेले कुसुन्डा संस्कृतिका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। अवधि संस्कृतिका अध्येता जगतराम यादवले 'अवधि लोकसाहित्यमा लोकगाथा चनैनी' विषयमा प्रस्तुति दिए भने आरिफ खानले मुस्लिम समुदायको मोहर्रम पर्वसम्बन्धी कार्यपत्र प्रस्तुत गरे।

प्रस्तुत कार्यपत्रहरूमाथि सम्बन्धित क्षेत्रका विज्ञ तथा अध्येताहरूले टिप्पणी गरेका थिए। कार्यक्रममा विभिन्न साहित्यिक, सांस्कृतिक तथा शैक्षिक संस्थाका प्रतिनिधि, साहित्यकार, शिक्षाविद् तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

नेपाल संस्कृत विश्वविद्यालय सांस्कृतिक अध्ययन केन्द्रका निर्देशक डा. टीकाराम उदासीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन प्रतिष्ठानका उपाध्यक्ष डा. खोपीराम वली क्षेत्रीले गर्नुभएको थियो।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

सोमवार, ८ असार, २०८३
Sunday, 22 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

हुम्लामा २३ हजार परिचयपत्र आइपुगे

❐ काँक्रेविहार संवाददाता

हुम्ला, ७ असार

हिमाली जिल्ला हुम्लाका नागरिकका लागि तयार गरिएका २३ हजारभन्दा बढी राष्ट्रिय परिचयपत्र जिल्ला प्रशासन कार्यालयमा आइपुगेका छन् । गत असोज महिनामा जिल्लाका सातवटै गाउँपालिकामा पुगेर संकलन गरिएको विवरणका आधारमा तयार गरिएका परिचयपत्रहरू गृह मन्त्रालयबाट जिल्लामा पठाइएको हो ।

प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीका अनुसार हाल जिल्ला प्रशासन कार्यालयमा २३ हजार तिन सय ३३ थान राष्ट्रिय परिचयपत्र प्राप्त भएका छन् ।

गत असोजमा गृह मन्त्रालयबाट खटिएका पाँचवटा टोलीले जिल्लाका ४४ मध्ये ४२ वडामा पुगेर



सेवाग्राहीको विवरण संकलन गरी कम्प्युटर प्रणालीमा प्रविष्ट गरेका थिए ।

उक्त विवरणका आधारमा राष्ट्रिय परिचयपत्र तयार भएपछि गृह मन्त्रालयले ती परिचयपत्र जिल्ला प्रशासन कार्यालयमा पठाएको हो । अब परिचयपत्र वितरण प्रक्रिया सुरु गरिने कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी रेग्मीले परिचयपत्र वितरणका क्रममा सेवाग्राहीका केही थप विवरण तथा प्रमाणीकरण प्रक्रिया पूरा गर्नुपर्ने भएकाले सम्बन्धित व्यक्ति स्वयं उपस्थित भएर परिचयपत्र बुझ्नुपर्ने बताए ।

उनले परिचयपत्र तयार भएका नागरिकलाई सकेसम्म छिटो कार्यालयमा उपस्थित भई परिचयपत्र लिन आग्रह गर्नुभएको छ । राष्ट्रिय परिचयपत्र कार्यालयमा आइपुगेपछि दैनिक ५० देखि ६० जना सेवाग्राही परिचयपत्र लिन आउने गरेको कार्यालयको तथ्यांक छ ।

हालसम्म पछिल्लो चरणमा प्राप्त परिचयपत्रमध्ये तीन हजार ४४ थान परिचयपत्र सम्बन्धित व्यक्तिले स्वयं उपस्थित भएर बुझिसकेका छन् ।

जिल्ला प्रशासन कार्यालयले ठूलो संख्यामा परिचयपत्र प्राप्त भएकाले वितरण प्रक्रियालाई थप प्रभावकारी बनाउन सार्वजनिक सूचना जारी गर्ने तथा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी नागरिकलाई जानकारी गराउने तयारी गरेको जनाएको छ । यसअघि टोली गाउँगाउँमा पुगेर विवरण संकलन गर्नुअघि नै करिब छ हजार थान राष्ट्रिय परिचयपत्र जिल्ला प्रशासन कार्यालयमा प्राप्त भइसकेका थिए । पछिल्लो चरणमा आएका परिचयपत्रसहित हालसम्म हुम्लामा २८ हजारभन्दा बढी राष्ट्रिय परिचयपत्र तयार भएर जिल्लामा पुगेका छन् ।

गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौ

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

नजिस्क्याऊ...

सम्बन्ध र सरकारको आलोचना गर्दा उनीहरू एकआपसमा हेर्दै मुस्कुराइरहेका देखिन्थे । उत्साहित देखिएका उनीहरूले विपक्षीलाई पाँच वर्षसम्म सरकार यताउता नहुने सन्देश दिए ।

सरकारमाथि शक्ता

अरू नेताहरूले सरकारसँग सहयात्रा गर्ने र राष्ट्रिय मुद्दाहरूमा हातेमालो गर्ने बताए । तर नेकपा एमाले र नेपाली कांग्रेसले सरकारको काममाथि शङ्का गरेका थिए । विगतका राजनीतिक परिवर्तनको स्मरण गर्दै प्रदीप ज्ञवालीले सरकारको गाडी दुर्घटनामा पर्न सक्ने संकेत गरे । उनले सम्बोधन गर्दा रास्वपा कार्यकर्ताले आपत्तिजनक शैलीमा हुटिङ पनि गरे ।

उनले एउटा गाडीमा एक्सिलेटर र ब्रेकर सँगै राखेर हिँड्नुपर्ने बताउँदै सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीलाई विगतका अन्य राजनीतिक दलहरूको अनुभवबाट सिकेर काम गर्न सुझाव दिए । ज्ञवालीले सरकारको नियतमाथि प्रश्न उठाउँदा महाधिवेशनमा उपस्थित प्रतिनिधिहरूले समेत 'नो, नो' भन्दै विरोध गरेको देखिन्थ्यो ।

रवि र बालेन्द्रबीच दरार आएको विषयमा पनि विपक्षीले शङ्का गर्दा एमाले नेता ज्ञवालीले त्यस्तो नहोस् भन्ने आग्रह गरे ।

कांग्रेसका सभापति गगन थापाले सरकारमाथि निकै सशक्त प्रहार गरे । उनले विगतमा दुई तिहाइ ल्याएका सरकारहरूले पनि विनम्रता, विवेक र आत्मआलोचना नगर्दा समाप्त भएको उदाहरण दिँदै त्यस्तो बाटोमा नलाग्न सुझाव दिए ।

गगनले विगत १०-१२ वर्षमा आफ्नो पार्टीले गरेका गल्तीका कारण आफ्नो शिर निहुरिएको स्वीकार गरेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीले यस्तो गल्ती नगर्नुपर्ने भन्दै बहुमत प्राप्त भएपछि अरूका कुरा नसुन्ने र आफू मात्रै चोखो हुँ भन्ने प्रवृत्ति त्यागनुपर्ने सुझाव दिए ।

गगनले यति मात्रै भनेनन्, कांग्रेस राष्ट्रिय स्वतन्त्र पार्टीको शत्रु नभई प्रतिस्पर्धी पार्टी भएको बताउँदै राष्ट्रिय मुद्दाहरूमा सहयोग गर्नुपरे तयार रहेको उल्लेख गरे । गगन र प्रदीपसँगै नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुनले पनि सरकार पाँच वर्ष टिक्ने-नटिक्ने विषयमा शङ्का व्यक्त गरेका थिए । विगतमा नेताहरूबीचको टकरावका कारण नेकपाको सरकार ढलेको स्मरण गराउँदै उनीहरूले नेतृत्वबीच टकराव पर्दा सरकार दुर्घटनामा परेको उदाहरण दिएका थिए । सत्ताको उन्माद र पदको लोभका कारण विगतमा पार्टीहरू फुटेर दुईतिहाइको सरकारसमेत ढलेको स्मरण गराउँदै गगन, प्रदीप र वर्षमानले विगतबाट पाठ सिक्दै राष्ट्रिय स्वतन्त्र पार्टी अगाडि बढ्नुपर्ने बताएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीमा पनि बाहिरी रूपमा केही शङ्का उब्जाउने अवस्था देखिएकाले त्यस्तो नहोस् भन्ने शुभकामना उनीहरूले दिएका थिए ।

बालेन्द्र-रविको प्रतिवाद

सुरुमा बोलेका प्रधानमन्त्रीसमेत रहेका बालेन शाहले सरकार पाँच वर्ष टिक्ने भएकाले कुनै पनि अवस्थामा ब्रेक नलाग्ने बताए । गाडीमा ब्रेक लागे पनि पाँच वर्ष सरकार सञ्चालन भएर निर्वाचनसम्म चल्ने संकेत उनको थियो ।

बालेनले बाढी आएर ट्यार्कमा खोला बगे पनि खोलाले आफ्नो बाटो एकनासले बनाइरहने बताए । पार्टीभित्र कुनै गुट-उपगुट नभएको सङ्केत गर्दै उनले गुट-उपगुटका नाममा सरकार र पार्टीलाई धक्का पुग्ने काम नगर्न सुझाव दिएका थिए ।

विपक्षीलाई बालेनले भने, 'ढुक्क हुनुहोस्, पाँच वर्षसम्म कुनै ब्रेक लागेर गाडी दुर्घटनामा पर्दैन । हामी देश बनाउन आएका हौं, देश बनाएरै छाड्छौं ।' उनले थपे, ' हामीबीच कुनै मनमुटाव छैन, शङ्का नगरिदिनुहोला । विगतमा तपाईंहरूले जुन प्रकारको राजनीतिक संस्कार देखाउनुभएको थियो, त्यो बाटोमा हामी छैनौं ।'

अन्तिममा रविले वालेन्द्रलाई प्रधानमन्त्री बनाउन आफूले ठूलो छाती बनाएको जिकिर गरे । निरन्तर त्याग-तपस्या गरेको उनले स्मरण गरे । पदको लडाइँमा आफू नभएको बताउँदै कहिलेकाहीं ठूलो मन बनाएर पद छाड्दा पनि आफूहरूमाथि स्वार्थपूर्ण दृष्टिले हेरिएको उल्लेख गर्दै यस्तो नगर्न र शङ्का नगर्न आग्रह गरे ।

आफ्नो नियत र काममा कुनै खोट नभएको बताउँदै चार वर्षमा पुराना राजनीतिक दलहरूले आफूमाथि प्रतिशोध साँधेर विभिन्न जेलमा कोच्ने प्रयत्न गरे पनि जनताले निर्वाचनमार्फत ती दलहरूलाई गतिलो सन्देश दिएको रविको प्रष्टीकरण थियो ।

उनले अरू दलहरूसँग सम्बन्ध सुधार हुँदै गए पनि नेकपा एमाले र नेपाली कांग्रेसबीच खाडल रहेको संकेत गरेका थिए । ती खाडलहरू यथावत् रहँदा जनतालाई नै समस्या पर्ने भन्दै ती खाडल पुर्न आफूहरू तत्पर रहेको रविको सन्देश थियो । उनले दुई ठूला पार्टीमा रहेको विवाद पनि मिल्नुपर्ने बताए ।

रविले पाँच वर्षसम्म सरकारमा कुनै ब्रेक नलाग्ने बताउँदै राष्ट्रिय स्वतन्त्र पार्टीका समर्थक तथा विपक्षी दलहरूलाई ढुक्क भएर सरकार र पार्टीको नियतमाथि शङ्का नगर्न आग्रह गरे ।

दुवै नेता राष्ट्रियताको विषयमा पनि बोले । रविले पाँच वर्षसम्म बालेनलाई प्रधानमन्त्रीकै रूपमा निरन्तरता दिने संकेत सुनाए । बालेनले भने यस विषयमा कुनै सांकेतिक टिप्पणी गरेनन् । उनले देश बनाउन आफूहरू एक भएको भन्दै पूरा गरेरै छाड्ने वाचा गरे ।

रविले चार वर्षे इतिहासमा पार्टीले ठूलो उपलब्धि हासिल गरेकाले यसलाई नेपाली जनताको आशीर्वादका रूपमा लिँदै आफ्ना गतिविधि अगाडि बढाउने वचन दिएका थिए ।

एकताको सन्देश

राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति रवि नै दोहोरिने लगभग पक्का छ । वरिष्ठ नेता बालेन्द्रबाहेक अन्य थुप्रै पदाधिकारीमा सर्वसम्मतिको प्रयास हुने संकेत रविले गरे ।

९९ जना केन्द्रीय सदस्यका लागि निर्वाचन हुने र अन्य पदहरूमा मिलेसम्म सर्वसम्मति गर्ने प्रयास हुँदा जसले जिते पनि राष्ट्रिय स्वतन्त्र पार्टीकै नेताले जित्ने संकेत रविले गरेका थिए ।

रविले आफ्ना महाधिवेशन प्रतिनिधिलाई जित्दा पनि राष्ट्रिय स्वतन्त्र पार्टीकै नेताले जित्ने र हार्दा पनि राष्ट्रिय स्वतन्त्र पार्टीकै नेताले हार्ने भएकाले ठूलो मन बनाएर आफूजस्तै भइदिन आग्रह गरे ।

रविले यति मात्र भनेनन्, आफूले दुःख गरेर स्थापना गरेको पार्टी भएकाले यहाँ निर्वाचन हार्दा हेल्मेटले टाउको फुटाउनुपर्ने अवस्था नआओस् र बाटोमा हिँड्दा दुई नेताबीच मनमुटाव भएको सुन्नु नपरोस् भन्ने कामना गरे ।

पार्टीमा निर्वाचनपछि 'यो व्यक्ति', 'त्यो व्यक्ति', 'यो गुट' वा 'त्यो गुट' भन्ने कुरा नआओस् भनेर विधान पनि त्यसअनुसार बनाइएको स्मरण गराउँदै रविले पार्टीले समानुपातिकता र समावेशिताको बाटोलाई कहिल्यै नछोड्ने उल्लेख गरे ।

बालेनले पनि पहिलो ऐतिहासिक महाधिवेशनले एकताको सन्देश दिनुपर्ने बताउँदै नेता-नेताबीच पदीय जिम्मेवारीका कारण कुनै पनि मनमुटाव हुने स्थिति आउन नहुने उल्लेख गरे ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)